# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## कोशी प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- ९ | संख्याः -२ | मितिः- २०८२/०२/१० |
|---|---|---|

## भाग-२

### उपाध्यक्षसँग गर्भवती सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रमाणिकरण मितिः- २०८२/०२/०९**

लिखु गाउँपालिका भित्रका सुत्केरी आमा तथा नवजात शिशुको गुणस्तरीय स्वास्थ्यको लागि मातृ तथा शिशु स्वास्थ्य पोषण स्थितिमा सुधार ल्याउन सुत्केरी भेटघाट प्रवर्द्धन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ) तथा लिखु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"उपाध्यक्षसँग गर्भवती भेटघाट कार्यक्रम सञ्चालन कार्यविधि - २०८२"** रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

(३) यो कार्यविधि लिखु गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "गाउँपालिका" भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ।

(ख) "अध्यक्ष" भन्नाले लिखु गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले लिखु गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) "वडा" भन्नाले लिखु गाउँपालिकाको वडालाई सम्झनु पर्दछ।

(च) "वडा अध्यक्ष" भन्नाले लिखु गाउँपालिकाको वडाको अध्यक्ष सम्झनु पर्दछ।

(छ) "गर्भवती" भन्नाले गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थामा नियमित गर्भ जाँच गराउने गर्भवती महिलालाई सम्झनु पर्दछ।

(ज) "लक्षित वर्ग" भन्नाले लिखु गाउँपालिकामा स्थायी बसोबास गरेका नियमित गर्भजाँच गरेका सम्पुर्ण गर्भवतीलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले अस्पताल, प्राथमिक स्वास्थ केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाईलाई सम्झनु पर्दछ ।

(ञ) "कार्यक्रम अवधि" भन्नाले कार्यक्रम लागु हुने आर्थिक वर्षलाई सम्झनु पर्दछ ।

(ट) "कोसेली" भन्नाले सुत्केरी हुनु भन्दा अगाडी आमा र शिशुको पोषण स्थितिमा सुधार ल्याउन वा बढाउन उपहारको रुपमा दिइने खाद्य सामाग्री, जिन्सी वा नगद समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य

**३.** उपाध्यक्षसँग गर्भवती भेटघाट कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहित गराउनु;

(ख) महिलाहरुलाई स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गराई आमा तथा शिशुको स्वास्थ्य स्थितिको बारेमा जानकारी प्राप्त गर्नु;

(ग) सुरक्षित मातृत्वको सुनिश्चितता प्रदान गर्नु;

(घ) पोषणयुक्त खानाको विषयमा जनचेतना अभिवृद्धि गर्नु;

(ङ) मातृ मृत्यूदर तथा बाल मृत्यूदर घटाउनु ।

## परिच्छेद-३
## कोसेली सम्बन्धी व्यवस्था

**४. कोसेली वितरण सम्बन्धी प्रकृया :**

(क) स्वास्थ्य संस्थामा नियमित गर्भजाँच गराउने गर्भवती महिलालाई दफा ५ को उपदफा ३ बमोजिमको कोशेली सम्बन्धित स्वास्थ्य संस्थामार्फत उपलब्ध गराइनेछ।

(ख) उपदफा (क) बमोजिमको कोशेली उपलब्ध गराउँदा स्वास्थ्य संस्थाले महिला विकास शाखामार्फत उपाध्यक्षसँग समन्वय गर्नपर्नेछ ।

(ग) कोशेली उपलब्ध गराउँदा कोशेलीसाथ गर्भवती तथा नवजात शिशुको स्याहार सम्बन्धी जानकारीमुलक पुस्तिका वा पर्चासमेत उपलब्ध गराउनुपर्नेछ।

(घ) कोशेली वितरण प्रयोजनका लागि स्वास्थ्य संस्थाका प्रमुखले पेश्की लिन सक्नेछ । यसरी लिएको पेश्की हरेक ३ महिनामा फर्छयौट गर्नुपर्नेछ ।

**५. कोसेली सम्बन्धी व्यवस्थाः**

(१) उपाध्यक्षसँग महिला कार्यक्रम अन्तर्गत वितरण गरिने कोसेली जिन्सी वा नगदमा उपलब्ध गराइनेछ।

(२) कोसेली सुत्केरी आमा तथा नवजात शिशुको पोषण स्थिति सुधारको लागि रु.३०००/- (अक्षरेपी तीन हजार रुपैंया मात्र) मा नबढ्ने गरी उपलब्ध गराइने छ।

(३) कोसेलीमा पोषण स्वास्थ्य सुधार हुने खालका खाद्य सामाग्रीहरु जस्तैः घिउ, चना, अण्डा, महजस्ता पोषणयुक्त वस्तु प्याकेजको रुपमा वितरण गरिनेछ।

**६. कोसेली प्राप्त गर्दा पेस गर्नुपर्ने कागजातः**

(१) गर्भवती महिलाको निवेदन,

(२) विवाह दर्ता प्रमाणपत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) नियमित गर्भजाँच गराएको पूर्जीको प्रतिलिपि ।

(४) माथि जेसुकै लेखिएको भएता पनि विवाह दर्ता वा नागरिकताको प्रमाणपत्र नभएमा गर्भवतीको जन्मदर्ता प्रमाण पत्र तथा सम्बन्धित वडा कार्यालयको सिफारिस संलग्न गर्न सकिनेछ।

## परिच्छेद ४

## विविध

**७. प्रतिवेदन तथा खर्च सार्वजनिकीकरणः** (१) उपाध्यक्षसँग गर्भवती सुत्केरी भेटघाट कार्यक्रमको महिला विकास शाखाले चौमासिक रूपमा प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकामा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकामा पेस भएको प्रतिवेदन कार्यालयको वेवसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ।

**८. बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा वा बाधा अड्काउ भएमा गाउँ कार्यपालिकाले सो दुविधा वा बाधा अडकाउ फुकाउन सक्नेछ

**९. बचाउ**ः यस अघि गर्भवती उपाध्यक्ष भेटघाट कार्यक्रम कार्य सञ्चालन कार्यविधि, २०८० अन्तर्गत भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**१०. खारेजी:** गर्भवती उपाध्यक्ष भेटघाट कार्यक्रम कार्य सञ्चालन कार्यविधि, २०८० खारेज गरिएको छ।

आज्ञाले
अर्जुन कुमार राउत
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८२/०२/१०